स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाहसहित कलाकारहरूको सहभागितामा बुटवलमा "आ बाट आमा-२" को प्रचारात्मक मेगा कन्सर्ट सम्पन्न भएको छ। असोज ९ गते सार्वजनिक समाचारअनुसार बुटवलको गोलपार्कमा आयोजित कार्यक्रममा हजारौं दर्शकको उपस्थिति रहेको थियो। चलचित्रको प्रचारप्रसारका लागि बुटवल आएका पल शाह, विपना थापा, आकाश श्रेष्ठ, मालिका महत, निकिता आचार्य र रिस्ता गुरुङले कार्यक्रममा सहभागिता जनाएका थिए।

**आजको विचार...**



सेनकालीन...
(दुई पेजमा)

पुष्कर अथक रेग्मी



अभिनेत्री सुरक्षा पन्त र अभिनेता खगेन्द्र लामिछानेको मुख्य भूमिका रहने चलचित्र "श्रीमान् श्रीमती"को छायांकन सकिएको छ। निर्देशक दीपेन्द्र के खनालको नयाँ चलचित्र "श्रीमान् श्रीमती"को छायांकन २० दिनमा सकिएको हो। अब गीतको केही दिन छायांकन हुनेछ," निर्देशक खनालले भने। चलचित्रको छायांकन काठमाडौंमा भएको छ। पटकथा प्रोडक्सन र ढुकी आदर्सको प्रस्तुति रहेको चलचित्र "श्रीमान् श्रीमती" पारिवारिक कथामा आधारित रहेको उनले बताए। निर्माण टिमले चलचित्रको प्रदर्शन मिति भने सार्वजनिक गरेको छैन।

❑ वर्ष ३२ ❑ अंक ८६ ❑ २०८३ असोज २५ गते आइतबार 11 October 2026, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# गगन थापाको राजनीतिक यात्रा : विद्यार्थी आन्दोलनदेखि पार्टीको सर्वोच्च नेतृत्वसम्म

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज २४/ नेपाली काँग्रेसको १५औं महाधिवेशनबाट गगनकुमार थापा भारी मतान्तरसहित पार्टी सभापतिमा निर्वाचित भएका छन् । सभापति पदका प्रतिस्पर्धी श्यामकृष्ण खड्गीलाई ठूलो मतान्तरले पछि पार्दै थापा पार्टी सभापतिमा विजयी भएका हुन् ।

शुक्रबार भएको निर्वाचनको मतगणना काठमाडौंस्थित राष्ट्रिय सभागृहमा राति अबेरदेखि सुरु भएको थियो । मतगणना सम्पन्न भएपछि महाधिवेशनको मिडिया सेन्टरका संयोजक जीवन भण्डारीले थापा सभापतिमा निर्वाचित भएको जानकारी दिएका हुन् । अन्तिम मतपरिणामअनुसार थापाले ६ हजार ५८४ मत प्राप्त गर्दा खड्गीले ३७५ मत पाएका छन् । निर्वाचनमा ५४ मत बदर भएको थियो । कुल ७ हजार ३१७ महाधिवेशन प्रतिनिधिमध्ये ७ हजार ३९ जनाले मतदान गरेका थिए ।

**विद्यार्थी आन्दोलनदेखि पार्टीको सर्वोच्च नेतृत्वसम्म**



काँग्रेस सभापतिमा विजयी गगन थापाको राजनीतिक यात्रा विद्यार्थी आन्दोलनबाट सुरु भएको हो । विसं २०३३ साउन ४ गते सोलुखुम्बुमा जन्मिएका थापा २०४६ सालको जनआन्दोलनमा सहभागी हुँदा कक्षा ९ मा अध्ययनरत थिए । १४ वर्षको उमेरमै बाल कांग्रेसका रूपमा आन्दोलनमा होमिएका उनी त्यसपछि नेपाल विद्यार्थी संघ (नेविसंघ) मार्फत संगठित राजनीतिमा सक्रिय भए । विसं २०५१ मा त्रिचन्द्र क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन सदस्य निर्वाचित भएका थापा २०५३ मा सचिव र २०५५ मा सभापति बने । विद्यार्थी राजनीतिमा निरन्तर उकालो लागेका उनी २०५७ मा नेविसंघको केन्द्रीय उपाध्यक्ष तथा २०५९ देखि २०६१ सम्म महामन्त्री बने । तत्कालीन राजा ज्ञानेन्द्र शाहले शासनसत्ता आफ्नो हातमा लिएपछि थापा राजतन्त्रविरोधी आन्दोलनमा सक्रिय भए । नेपाली कांग्रेसभित्र गणतन्त्रको मुद्दाले संस्थागत स्थान पाउनुअघि नै उनले गणतन्त्र र संविधानसभाको पक्षमा आवाज उठाउँदै आएका थिए । विसं २०६२/०६३ को जनआन्दोलनमा अग्रपंक्तिमा देखिएका थापा आफ्ना प्रखर भाषण र स्पष्ट राजनीतिक अभिव्यक्तिका कारण राष्ट्रिय चर्चामा आए । राजाको प्रत्यक्ष शासनको विरोध गर्दा उनले पटक-पटक पक्राउ पर्नुका साथै राजद्रोहको मुद्दासमेत खेप्नुपरेको थियो । गणतन्त्र र राजनीतिक परिवर्तनका पक्षमा लिएको अडानले उनलाई युवा पुस्तामाझ परिचित र प्रभावशाली नेताका रूपमा स्थापित गर्‍यो ।

**संसदीय राजनीतिमा स्थापित पहिचान**

विसं २०६४ को संविधानसभा निर्वाचनमा समानुपातिक प्रणालीबाट निर्वाचित हुँदै थापाले संसदीय राजनीतिमा प्रवेश गरे । विसं २०७० को दोस्रो संविधानसभा निर्वाचनमा काठमाडौं क्षेत्र नम्बर ४ बाट निर्वाचित भएका उनी संविधान निर्माण प्रक्रियामा सक्रिय रहे । विसं २०७१ मा संसद्को कृषि तथा जलस्रोत समितिको सभापति बनेका थापा २०७३ मा स्वास्थ्य तथा जनसंख्यामन्त्री नियुक्त भए । करिब नौ महिना स्वास्थ्य मन्त्रालयको नेतृत्व सम्हाल्दा उनले स्वास्थ्य क्षेत्रको सुधार र संघीय संरचनाअनुसार स्वास्थ्य सेवाको व्यवस्थापनका विषयमा विभिन्न पहल गरेका थिए । विसं २०७४ र २०७९ का प्रतिनिधिसभा निर्वाचनमा पनि काठमाडौं क्षेत्र नम्बर ४ बाट निर्वाचित भएका थापाले संसद्मा सुशासन, सार्वजनिक सेवा, जनजीविका र सरकारका कामकारबाहीमाथि प्रश्न उठाउँदै आएका छन् । संसद्मा सरकारलाई जवाफदेही बनाउनुपर्ने विषयमा स्पष्ट धारणा राख्ने नेताका रूपमा उनको पहिचान बनेको छ ।

**कांग्रेसभित्र सुधारको आवाज**

संसदीय राजनीतिसँगै थापाले नेपाली कांग्रेसभित्र पनि संगठनात्मक सुधार र नेतृत्व परिवर्तनको मुद्दा निरन्तर उठाउँदै आएका छन् । विसं २०६७ मा सम्पन्न पार्टीको १२ औं महाधिवेशनबाट अत्यधिक मतसहित केन्द्रीय सदस्य निर्वाचित भएका उनी त्यसयता पार्टीको नेतृत्व शैली र कार्यपद्धतिमा सुधार हुनुपर्ने पक्षमा उभिँदै आएका थिए । *बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### हुथीका १३६ सैन्य निसाना ध्वस्त पारेको दाबी

**एजेन्सी**

**साउदी अरब,** असोज २४/यमनका हुथी विद्रोहीविरुद्ध साउदी अरबको नेतृत्वमा रहेको गठबन्धनले ठूलो स्तरको सैन्य कारबाही सञ्चालन गर्दै १३६ वटा सैन्य निसाना ध्वस्त पारेको जनाएको छ । गठबन्धनका प्रवक्ता तुर्की अल-मालिकीले शनिबार सामाजिक सञ्जाल एक्समार्फत इरानसमर्थित हुथी समूहका लडाकु र सैन्य क्षमताहरूलाई लक्षित गरी कारबाही गरिएको जानकारी दिएका हुन् । हुथी विद्रोही र साउदी अरबको समर्थन प्राप्त यमनको अन्तरराष्ट्रिय मान्यताप्राप्त सरकारबीच जुलाईमा पुन: चर्किएको द्वन्द्व त्यसयता साउदी अरबसम्म फैलिएको छ । हुथीहरूको अल-मसिराह टेलिभिजन च्यानलले साउदी क्षेप्यास्त्रले उत्तरपश्चिमी यमनको सादा प्रान्तका विभिन्न क्षेत्रलाई निसाना बनाएको जनाएको छ । लालसागरको तटीय क्षेत्रको ठूलो भू-भाग नियन्त्रणमा राख्दै आएका हुथी विद्रोहीले साउदी अरबका यातायात केन्द्र, तेलसम्बन्धी पूर्वाधार तथा अन्य नागरिक संरचनामा ड्रोन र क्षेप्यास्त्रबाट आक्रमण गर्दै आएका छन् । साउदी अधिकारीका अनुसार बिहीबार रियाद अन्तरराष्ट्रिय विमानस्थलमा भएका आक्रमणमा तीन जनाको मृत्यु भएको थियो ।

## सकियो सोह्र श्राद्ध

**पाल्पा,** असोज २४/आश्विन कृष्ण प्रतिपदादेखि सुरु भएको पितृ पक्ष शनिबार अपराह्नकालमा दिवंगत पितृका नाममा तर्पण, सिदादान र पिण्डदान गरी समापन गरिएको छ । आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने पितृ पक्ष आश्विन कृष्ण आमावास्याका दिन दिवंगत पितृका नाममा तर्पण, सिदादान र पिण्डदान गरी समापन गरिएको हो ।

सोह्र वटा तिथिमा पितृप्रति श्रद्धासाथ पितृकार्य गरिने हुनाले नेपाली समाजमा सोह्रश्राद्धको नामले परिचित छ । चाड पर्व, यज्ञयज्ञादि तथा ठूला कार्य गर्नुभन्दा पहिले आफ्ना पितृको श्रद्धासाथ सम्झना गर्ने वैदिक परम्परा छ । बडादसैं र तिहारजस्ता महान् चाडका अगाडि पर्ने सोह्रश्राद्धले सन्ततिलाई आफ्ना पितृप्रतिको दायित्वबोध गराउनुका साथै पितृ ऋणबाट मुक्त गराएर चित्तशुद्धि गराउँछ भन्ने मान्यता छ । पितृ पक्षको अन्तिम दिन आमावास्या अर्थात् औंसी तिथि श्राद्ध गरिन्छ । कुनै कारणवश यो पक्षका अरु तिथिमा गर्नुपर्ने श्राद्ध रोकिएको भए त्यस दिन गर्नुपर्छ भन्ने शास्त्रीय मत छ । कुनै कारणवश अड्किएर आज पनि गर्न नसकेमा आपत् धर्मअनुसार आश्विन शुक्ल प्रतिपदादेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । यो समयमा पनि कारणवश सोह्र श्राद्ध गर्न नसकिएमा कार्तिककृष्ण औंसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ । कार्तिककृष्ण औंसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने शास्त्रीय मत छ । आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औंसी, भरणी नक्षत्र र व्यतीपात योग परेका दिन जुनसुकै तिथि परेपनि रोकिएको सोह्रश्राद्ध गर्न सकिने शास्त्रीय विकल्प समेत छ । त्यसपछि पनि सोह्रश्राद्ध गर्न नसकिएमा सक्नेले आफैं नसक्नेले ब्राह्मणमार्फत् वैदिक मन्त्रले दैनिक १०८ जप गर्न सकिने शास्त्रीय विकल्प रहेको छ । यस अवसरमा उपत्यकाको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर उत्तरगया, नुवाकोट र रसुवाको सङ्गमस्थल बेत्रावती, देवघाट, त्रिवेणीलगायत तीर्थस्थलमा पनि पितृप्रति श्रद्धा भक्तिसाथ श्राद्ध गर्नेको भीड लाग्छ । पितृ पक्षको समाप्तिसँगै दुर्गा पक्ष अर्थात् बडा दशैं सुरु हुन्छ । आज घटस्थापना गरेसँगै दुर्गा पक्ष सुरु हुन्छ ।

## बडा दसैं सुरु, आज घटस्थापना

**पाल्पा,** असोज २४/ नेपालीहरूको महान् चाड विजया दशमी अर्थात् बडा दसैं आइतबार (आज) देखि सुरु भएको छ । नवरात्रको पहिलो दिन आज घर-घरमा घटस्थापना अर्थात् जमरा राख्ने गरिन्छ । यो पर्व १५ दिनसम्म धूमधामका साथ मनाइन्छ ।

पहिलो दिन घरका पूजाकोठा र दसैं घरमा विधिपूर्वक दियो, कलश एवं गणेश स्थापनासहित घटस्थापना गरिन्छ । आजको दिन जौ र मकै जमराका लागि रोपिन्छ जुन देवीको अंग मानिन्छ र प्रसादका स्वरुप टीकाको दिन ग्रहण गरिन्छ । टीका ग्रहण गर्दा अरू फूलको सट्टा समृद्धिको प्रतीक पहेंलो जमरा लगाउने चलन छ । जमरा उमार्न शुद्ध माटो तथा बालुवा प्रयोग गरिन्छ । देवीलाई जौको जमरा मनपर्ने भएकाले घटस्थापनाको दिन विधिपूर्वक जौ, गहुँ तथा मकैलाई माटोमा छरिन्छ र टीकाको साइतमा जमरालाई फूलको रूपमा प्रयोग गर्ने चलन छ ।



जमरालाई समृद्धिको प्रतिक मानिन्छ । त्यसैले टीकाको दिन आफूभन्दा मान्यजनको हातबाट टीका ग्रहण गर्दा पहेँलो जमरा नै प्रयोग गरिने हुनाले जमरा उमार्न शुद्ध माटो प्रयोग गरिन्छ । जमरा राख्नुपूर्व गाउँघरमा रातो तथा कमेरोको माटोले र सहरमा विभिन्न रङले घर लिपपोत तथा रङरोगन गरिन्छ । घर शुद्ध भएपछि मात्र देवीको आगमन हुन्छ भन्ने मान्यता छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## संस्कृति र सद्भावको प्रतीक घटस्थापना

नेपालीहरूको महान् पर्व बडादसैं अर्थात् नवरात्र आजबाट सुरु भएको छ । नवरात्रको पहिलो दिन आज घर-घरमा घटस्थापना अर्थात् जमरा राख्ने गरिन्छ । धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्व बोकेको घटस्थापना नेपाली समाजको मौलिक परम्परा र आस्थाको प्रतीक हो । आश्विन शुक्ल प्रतिपदाका दिन मनाइने यस पर्वमा घर-घरमा विधिपूर्वक कलश स्थापना गरी जमरा राख्ने परम्परा छ । यस दिनदेखि सुरु हुने नवरात्रभरि देवी दुर्गाको पूजा-आराधना गरिन्छ ।

घटस्थापनाले नेपाली समाजमा धार्मिक विश्वास, पारिवारिक एकता र सांस्कृतिक निरन्तरताको सन्देश प्रवाह गर्दछ । घटस्थापना केवल धार्मिक अनुष्ठानमा सीमित पर्व होइन, यो नेपाली मौलिकता र परम्पराको जीवन्त परिचय पनि हो । माटो, जल, अन्न र प्रकृतिलाई महत्व दिँदै जमरा उमार्ने चलनले प्रकृतिप्रतिको सम्मान र कृषि संस्कृतिसँगको हाम्रो सम्बन्धलाई उजागर गर्छ । यस पर्वले नयाँ ऊर्जा, आशा, सकारात्मक सोच र असत्यमाथि सत्यको विजयको कामना गर्न प्रेरित गर्दछ । वर्तमान समयमा आधुनिकीकरण र व्यस्त जीवनशैलीका कारण कतिपय मौलिक परम्परा ओझेलमा पर्ने जोखिम बढेको छ । यस्तो अवस्थामा घटस्थापनाजस्ता सांस्कृतिक पर्वको महत्व नयाँ पुस्तालाई बुझाउनु आवश्यक छ । धर्म र संस्कृतिका नाममा हुने अनावश्यक खर्च, देखावटी प्रतिस्पर्धा तथा सामाजिक विभेदलाई निरुत्साहित गर्दै पर्वलाई सरल, सभ्य र अर्थपूर्ण रुपमा मनाउनुपर्छ । चाडपर्वको वास्तविक सुन्दरता महँगा सजावट र तडकभडकमा होइन, आपसी प्रेम, सद्भाव, सहयोग र मानवीय संवेदनामा निहित हुन्छ । त्यसैगरी, घटस्थापनाले समाजमा रहेका विभिन्न जातजाति, भाषा, धर्म र समुदायबीच पारस्परिक सम्मान तथा सहअस्तित्वको भावना विकास गर्न सहयोग पुऱ्याउनुपर्छ । चाडपर्वले मानिसलाई विभाजित गर्ने होइन, एकताबद्ध बनाउने काम गर्नुपर्छ । विपन्न, असहाय तथा आर्थिक कठिनाइमा रहेका व्यक्तिहरूलाई सहयोग गर्दै खुसी बाँड्न सके मात्रै पर्वको सामाजिक महत्व सार्थक बन्न सक्छ । अन्ततः घटस्थापना हाम्रो धार्मिक आस्था, सांस्कृतिक पहिचान र सामाजिक एकताको महत्वपूर्ण आधार हो । यस पर्वको अवसरमा हामीले आफ्ना मौलिक परम्पराको संरक्षण गर्दै सकारात्मक सोच, नैतिक आचरण र सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्नुपर्छ । घटस्थापनाले प्रत्येक नेपालीको जीवनमा सुख, शान्ति, समृद्धि र सद्भाव ल्याओस् । परम्पराको संरक्षणसँगै सभ्य, समतामूलक र एकताबद्ध समाज निर्माण गर्ने प्रेरणा दिनु नै घटस्थापनाको वास्तविक सन्देश हो ।

### Opinion @ Social Network

बिहानको पहिलो किरणले यही सन्देश दिन्छ,
अँध्यारो जति नै लामो भए पनि उज्यालो आउने बाटो बन्द हुँदैन।
*(खुसी रानाको फेसबुक स्टाटसबाट www.facebook.com/Khusi.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सेनकालीन पाल्पा राज्यको कला, वास्तुकला र मूर्तिकलाको वैभव



**पुष्कर अथक रेग्मी**

*सेनकालीन समयमा बनेका दरबारहरु, मन्दिर तथा घरहरु वास्तुकलाका बेजोड नमुनाहरु हुन् । रिब्दीकोटको दरबार, पाल्पा दरबार, श्रीनगर दरबार, प्रवास दरबार, नुवाकोट दरबार, बुटवल दरबार, तनहुँ दरबार, मकवानपुर दरबार आदि दरबारहरु सेनकालीन वास्तुकलाका अनुपम उदाहरणहरु हुन् । राजा धर्मपालले मगर राजाहरुलाई अपदस्त गरी उनीहरुकै दरबारलाई अझ व्यवस्थित गरी बर्गाकार रुपमा बनाइएको रिब्दिकोट दरबार, राजा रुद्रसेनले पाल्पा राज्यको जगबसाई पुरानकोटमा खण्ड खण्ड बर्गाकार रुपमा बनाइएको पाल्पा दरबार सुन्दर एवं अनुपम नमुना हुन् । रुद्रसेनले तानसेन शहर बसाली दक्षिणतर्फ माडीफाँटको पश्चिमी भागमा प्रभास दरबार बनाए । राजा अमरसेनले नुवाकोट र बुटवल दरबार बनाए । नुवाकोट दरबार राजा अमरसेनको हिउँदे राजधानी भयो । बुटवल बजारको पश्चिमपट्टि बाँके बनावटमा बनेको दरबारको नाम रंगमहल रह्यो । रंगमहल दरबार आकर्षक हुनाका साथै अनेक कोठा, हाताभित्र सुरक्षा पर्खाल, बगैंचा, मन्दिर आदि समेत रहेका थिए । देवघाटदेखि पश्चिम दक्षिणको चुचुरोमा राजा मणिकुन्द सेन प्रथमले मुकुन्दपुर बस्ती समेत बसाए । एक भव्य दरबार बनाए । दरबारलाई मुकुन्दपुर दरबार भनियो । दरबार क्षेत्रको आसपास गढीहरु समेत निर्माण भए । दिगविजयको क्रममा मुकुन्द सेन प्रथमले पूर्वी क्षेत्रमा मकवानपुर बस्ती बसाउनुका साथै एक दरबार बनाए । बस्तीको नाम मकवानपुर रहेर दरबारलाई मकवानपुर दरबार भनियो । राजा मुकुन्द सेनका माइला पुत्र भृंगी सेनले तनहुँसुरको शिखर भिरमा एक आकर्षक एवं सुरक्षित दरबार बनाए । दरबार परिसर भित्र कालिका मन्दिर, विष्णु, लोकेश्वर, शिव आदिको मन्दिर निर्माण भए । वरिपरि चार गिरी दुर्ग निर्माण भए । पूर्व तर्फ ब्यारेक र दक्षिणमा अद्रा घर निर्माण भए । राजा महादत्त सेनले पाल्पा तानसेनको श्रीनगर शहर निर्माण गरी एक सुन्दर श्रीनगर दरबार बनाए ।*

कुनै पनि कामलाई राम्रोसँग गर्ने सिपलाई कला भनिन्छ । विद्वानहरुको परिभाषा अनुसार कलाविधा तर्फ चौसठ्ठी कलाको व्याख्या गरिएको छ । यसैगरी कुनै पनि काममा युक्तिपूर्वकको सिप, दक्षता, कुशलता, चातुर्यता, प्रवीणतालाई कौशलता भनिन्छ । यस लेखमा मध्यकालीन नेपालको सेनकालीन कलाकौशललाई संक्षेपमा प्रस्तुत गरिएको छ । सेनकालीन समयमा बनेका दरबारहरु, मन्दिर तथा घरहरु वास्तुकलाका बेजोड नमुनाहरु हुन् । रिब्दीकोटको दरबार, पाल्पा दरबार, श्रीनगर दरबार, प्रवास दरबार, नुवाकोट दरबार, बुटवल दरबार, तनहुँ दरबार, मकवानपुर दरबार आदि दरबारहरु सेनकालीन वास्तुकलाका अनुपम उदाहरणहरु हुन् ।

राजा धर्मपालले मगर राजाहरुलाई अपदस्त गरी उनीहरुकै दरबारलाई अझ व्यवस्थित गरी बर्गाकार रुपमा बनाइएको रिब्दिकोट दरबार, राजा रुद्रसेनले पाल्पा राज्यको जगबसाई पुरानकोटमा खण्ड खण्ड बर्गाकार रुपमा बनाइएको पाल्पा दरबार सुन्दर एवं अनुपम नमुना हुन् । रुद्रसेनले तानसेन शहर बसाली दक्षिणतर्फ माडीफाँटको पश्चिमी भागमा प्रभास दरबार बनाए । राजा अमरसेनले नुवाकोट र बुटवल दरबार बनाए । नुवाकोट दरबार राजा अमरसेनको हिउँदे राजधानी भयो । बुटवल बजारको पश्चिमपट्टि बाँके बनावटमा बनेको दरबारको नाम रंगमहल रह्यो । रंगमहल दरबार आकर्षक हुनाका साथै अनेक कोठा, हाताभित्र सुरक्षा पर्खाल, बगैंचा, मन्दिर आदि समेत रहेका थिए ।

देवघाटदेखि पश्चिम दक्षिणको चुचुरोमा राजा मणिकुन्द सेन प्रथमले मुकुन्दपुर बस्ती समेत बसाए । एक भव्य दरबार बनाए । दरबारलाई मुकुन्दपुर दरबार भनियो । दरबार क्षेत्रको आसपास गढीहरु समेत निर्माण भए । दिगविजयको क्रममा मुकुन्द सेन प्रथमले पूर्वी क्षेत्रमा मकवानपुर बस्ती बसाउनुका साथै एक दरबार बनाए । बस्तीको नाम मकवानपुर रहेर दरबारलाई मकवानपुर दरबार भनियो । राजा मुकुन्द सेनका माइला पुत्र भृंगी सेनले तनहुँसुरको शिखर भिरमा एक आकर्षक एवं सुरक्षित दरबार बनाए । दरबार परिसर भित्र कालिका मन्दिर, विष्णु, लोकेश्वर, शिव आदिको मन्दिर निर्माण भए । वरिपरि चार गिरी दुर्ग निर्माण भए । पूर्व तर्फ ब्यारेक र दक्षिणमा अद्रा घर निर्माण भए । राजा महादत्त सेनले पाल्पा तानसेनको श्रीनगर शहर निर्माण गरी एक सुन्दर श्रीनगर दरबार बनाए । सम्पूर्ण दरबारहरु निर्माण गर्दा जनसहभागिता सहितका कला शिल्पीहरुले ढुंगा, पाको इट्टा, झिंगटी, टायल, काठ, माटो आदि प्रयोग गर्नुका साथै चुना, मास्बेली आदिका सुर्खी मिश्रणले बज्रलेपन गरी विशेषत रातो, गियरु, निलो, कालो एवं अन्य आवश्यक सुन्दर रंगहरुको प्रयोग गरी निर्माण गरिएका दरबारहरु अति सुन्दर र आकर्षक रहे । यसरी नै राजधानी तथा बस्तीहरुमा बनेका घरहरु समेत कला कौशलले भरिपूर्ण थिए । सेनकालीन समयमा निर्मित यी सबै वास्तुकला हाम्रा अमूल्य निधिहरु हुन् । वर्तमानमा यी सबैको अस्तित्व खोज नीति गरी संरक्षण, संवर्धन र प्रवर्धनका लागि उत्खनन हुनु जरुरी छ । बल्डेङगढी, नुवाकोटगढी, प्याउलीगढी, चितवन कविलाशपुरगढी, मकवानपुरगढी, हरियरपुरगढी, सिन्धुलीगढी, विजयपुर, साङ्गुरीगढी, चौदण्डीगढी लगायत सेनकालीन समयमा निर्मित वास्तुकलाले भरिपूर्ण बेजोड प्रस्तुतिहरु रहेका छन् । यी गढीहरुले सेनवंशी राजाहरुको अस्तित्व जोगाउँदै राष्ट्रियताको संरक्षण,सम्बर्द्धन र प्रवर्द्धनमा अहम् भूमिका खेलेका छन् । रिब्दिकोटमा इष्टदेवी भगवतीको मन्दिर, रुरु क्षेत्र ऋषिकेशव मन्दिर, प्रवासको वंशगोपाल, मुकुन्देश्वर महादेव मन्दिर, बराह क्षेत्रमा निर्मित मन्दिरहरु स्तुपा शैलीमा रहेका छन् । हरिहर क्षेत्रको मन्दिर पाल्पाली सेन शैलीको छ । पाल्पाको भैरव मन्दिर प्यागोडा शैली, अमरगञ्ज भैरव मन्दिर, नुवाकोट भैरव मन्दिर, देवघाटमा रहेका मठमन्दिरहरु साथै चक्रेश्वर महादेवको मन्दिर शिखर शैलीमा निर्मित छन् । यी सबै सेनकालीन उत्कृष्ट धार्मिक वास्तुकलाका अनुपम उदाहरणहरु हुन् । सेनकालीन पाल्पामा मूर्तिकलाको विकास पनि उल्लेखनीय रहेको छ । रुरु क्षेत्र रिडीका मूर्तिहरु, पाल्पा क्षेत्रका चार भैरवका मूर्तिहरु, बुटवल क्षेत्रका हनुमान, नागदेवता, महावीरका मूर्तिहरु, देवघाट धाम तीर्थका मूर्तिहरु, चतुर्भुज नारायण, कालिका, गणेश, सूर्य, विष्णु, बाकेश्वरी, शिलासिंहका मूर्तिहरु, शिवलिंगहरुका साथै त्रिवेणी क्षेत्रका पुराना देवी देवताका मूर्तिहरु सेनकालीन अद्भुत आकर्षणहरु हुन् । जनकपुर, मिथिला क्षेत्रहरुमा प्राचीन मन्दिर मूर्तिहरु त सधैं थिए परन्तु यसका अलावा सेनकालीन समयमा बनेका मूर्तिहरु पनि छन् । सप्तरी हनुमाननगरको हनुमान मूर्ति, सखडा बहानको नामले प्रख्यात राजविराजको छिन्नमस्ता मन्दिरको मूर्ति, शिवलिंग, विष्णु र लक्ष्मीका मूर्तिहरु अपूर्व छन् । रुपनगरको रुपनारायण, इनरुवाको चतुर्भुज विष्णु मूर्ति, तानसेनको दुर्गा भगवतीको मूर्ति प्रस्तर कलाको अनुपम उदाहरण हुन् । बराह क्षेत्रमा रहेका नागेश्वर बराह, सूर्य बराह, इन्द्र बराह, गुरु बराह, शिव, गणेश, देवी, पाञ्चनका मूर्तिहरु सेनकालीन मूर्तिकलाका बेजोड उदाहरणहरु हुन् ।

राजा मनमुकुन्द सेन प्रथमले काठमाडौं विजय गरी फर्कादा धातुको एक सुन्दर झ्याली समेत लिएर आएपछि पाल्पामा धातुका झ्याली, भाडाकुडा, हतियार, धनुबाण आदि बनाउन लागियो। चाँदी, तामा, पित्तल, सिसा, फलाम, सिल्टी आदि धातुका सामग्रीहरू बन्दै गए । अहिलेसम्म पनि पाल्पा हस्तनिर्मित धातु कलाका लागि नेपाल प्रसिद्ध छ । सेन राजाहरूको दरबार, बस्तीहरू र जनस्तरमा बनाइएका घरहरूमा प्रयोग भएका काठ, दलिन, खम्बा, झ्याल, ढकामा कुदिएका आकृतिहरू काष्ठकलाका अनुपम उदाहरणहरू हुन् । तिब्बत हुँदै चीनसम्म कलाको विकास गराउने बलबाबु कलाकार अरनिको पनि पाल्पाली नै थिए । दरबार, मन्दिर, घर, पर्खाल, भित्ता तथा कलात्मक चित्राङ्कन गर्ने गराउने कलाको विकास समेत सेनकालीन समयमा शीघ्रता र तीव्रताका साथ भयो । सेनकालीन समयका यी अद्भुत वास्तुकला, मूर्तिकला, धातुकला, काष्ठकला र चित्रकलाले पाल्पा राज्यको अस्तित्वलाई झकझकाइ रहन्छ । यी सबै हाम्रा मध्यकालीन ( सेनकालीन ) ऐतिहासिक, सांस्कृतिक, राष्ट्रिय सम्पदाहरू हुन् ।

***( लेखक पाल्पाको इतिहासमा कलम चलाउने स्रष्टा समेत हुन् )***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : श्रमको उचित मूल्यांकन मिल्नेछ। धैर्यले आँटेका कार्य सम्पादन हुनेछन्।

**वृष** : स्वास्थ्यमा सुधार आउनेछ। प्रेम सम्बन्ध र शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ।

**मिथुन** : अन्जान व्यक्तिबाट सावधान रहनुहोस्। दाम्पत्य जीवन संघर्षपूर्ण रहनेछ।

**कर्कट** : स्वास्थ्य सबल रहनेछ। व्यापार व्यवसायमा जीवनसाथीबाट सहयोग पाइएला।

**सिंह** : कार्यक्षेत्रमा बोलीको माध्यमले कार्य सिद्ध हुनेछ। प्रतिद्वन्दीहरू हार खाने छन्।

**कन्या** : खानपिनमा सावधानी रहनुहोस्। शत्रुहरू र अवसरवादीहरूले खुट्टा तान्नेछन्।

**तुला**: परिश्रम देखेर आफन्तहरुले पनि साथ दिनेछन्। भाग्यको साथ मिल्नेछ।

**वृश्चिक** : राजनीतिक क्षेत्रमा लाभ रहनेछ। मनबाट परेशान रहनुहोला।

**धनु** : बौद्धिक क्षेत्रमा उन्नति हुनेछ। आयआर्जनका नयाँ स्रोत फेला पर्नेछन्।

**मकर** :प्रतिक्षित आकांक्षाको पूर्ति हुनेछ। सन्तानको प्रगतिले प्रसन्नता मिल्नेछ।

**कुम्भ**: सन्तानको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। घरमा शुभकार्यको चर्चा हुनेछ।

**मीन** : अध्यात्ममा रुचि बढ्नेछ। व्यवहार कठोरताले समस्या निम्त्याउन सक्ला।

# कृषि

## कृषिमा बर्सेनि प्राकृतिक विपत्तिको धक्का



मनसुन बाहिरिने बेला देशभरि भएको लगातारको वर्षा र हावाहुरीले पाकेर भित्र्याउन ठिक्क धान, उखु, तरकारी लगायत कृषिबालीमा ठूलो क्षति पुऱ्याएको छ । मौसम खुल्दै गएको भन्दै ढुक्क किसान काटेर सुकाउन राखिएको र काट्न ठिक्क परेको बाली खेतमै डुबेपछि गहिरो समस्यामा परेका छन् । सिँचाइ र मल अभाव झेल्दै जसोतसो उब्जाएको अन्न घर भित्र्याउने बेला प्रकृतिले धोका दिएपछि किसानको वर्षभरिको मिहिनेत र लगानी खेर गएको छ भने उत्पादन घट्दा देशले खाद्यान्न आयातमा थप अर्बौं खर्च गर्नुपर्ने अवस्था देखिएको छ ।

**बाँकेमा बिउ धानमै क्षति, दाङ र सल्यानमा खेतमै कुहिने डर**

दाङका गढवा, राजपुर र राप्ती गाउँपालिका लगायत क्षेत्रमा किसानले काटेर खेतमै सुकाउन राखेको धान पूर्णरूपमा भिजेको छ । भिजेको धान सुकाउन नपाउँदा कुहिने र चिस्यान बढेर गुणस्तर बिग्रने चिन्तामा किसान छन् । सल्यान कुमाख गाउँपालिका-३ स्थित इख्रे खोलामा आएको बाढीले करिब ५० रोपनी खेतमा लगाइएको पाक्न लागेको धानबाली पूर्णरूपमा नष्ट गरेको पालिकाले बताएको छ । शारदा नगरपालिका-१ का किसान हिमाल योगीका अनुसार अविरल वर्षाले धान ढलेर बिग्रिएको छ । समयमा मल नपाएको र अहिले पानीले समेत असर गरेकाले गत वर्षको तुलनामा यस वर्ष धान उत्पादन घट्ने उनको अनुमान छ । 'धान चाहिँ ढलेर बिग्रिसकेको छ, पानीले धेरै असर गऱ्यो,' किसान योगीले भने, 'गत वर्षको तुलनामा धान उत्पादन पनि वृद्धि हुँदैन होला, यो वर्ष मल पनि पाइएन, बल्लबल्ल रोपाइँ गरेको, त्यही पनि पानी आएर डुबायो ।' उनका अनुसार सल्यानमा अहिले फाट्टफुट्ट धान काट्न सुरु भइसकेको छ । अलि अगाडि पाक्ने बिउ लगाएर काटिसकेको धान भने पानीले भिजेको छ । अबको एक साताभित्र सदरमुकाम आसपास अधिकांश ठाउँमा धान काट्ने काम सुरु भइसक्ने उनले जानकारी दिए । खेतमा पानी नसुके पनि काटेर प्लास्टिक ओछ्याएर भए पनि धान सुकाउने र भित्र्याउने किसानहरूको योजना छ । यस्तै बुधबारको वर्षाले बाँकेमा बिउ धानमै क्षति पुऱ्याएको छ । राप्ती सोनारीस्थित साकार कृषि सहकारी संस्थाका व्यवस्थापक जमानसिंह वलीका अनुसार किसानले रोपेको करिब १ सय ५० बिघाको बिउ धानमा हुरीबतास र वर्षाले क्षति पुऱ्याउँदा आगामी वर्ष बिउकै अभाव हुने जोखिम बढेको छ । कृषि ज्ञान केन्द्र बाँकेकी सूचना अधिकारी सुजिता शर्माले थन्क्याउने बेलाको वर्षाले धानबालीमा ठूलो क्षति पुऱ्याएको बताइन् । उनका अनुसार बाँकेमा यस वर्ष ३३ हजार ५ सय ३ हेक्टरमा धान रोपाइँ भएको थियो, तर सबैतिरबाट क्षतिको विवरण आइरहेकाले यकिन तथ्यांक संकलन भइरहेको छ ।

**महोत्तरी र सर्लाहीमा उखुमा दोहोरो मार**

अन्न भण्डार मानिने मधेस प्रदेशका अधिकांश क्षेत्रमा पाकेर पहेँलपुर भएको धान खेतमै ढलेर जलमग्न भएको छ । महोत्तरी उत्तरी क्षेत्रमा धानसँगै उखु किसानले दोहोरो मार खेप्नुपरेको छ । गत साउनको हावाहुरीले ढलेको उखु किसानले ऋणधन गरेर मजदुर लगाइ उठाएर बाँधेका थिए । तर, पछिल्लो वर्षाले पुनः उखु ढालिदिएपछि एउटै बालीमा दोहोरो खर्च लागेको छ । उत्पादन लागत बढेको र नाफा कमाउने आस निराशामा परिणत भएको स्थानीय किसानहरूको गुनासो छ । ८ असोजदेखि लगातार ३-४ दिन परेको अविरल वर्षासँगै आएको हावाहुरीले सिरहा विष्णुपुर गाउँपालिका-१ का किसान गोपिन्द्र यादवको उखु खेतीमा भारी क्षति पुऱ्याएको छ । ऋणधन गरी झन्डै ४ लाख रुपैयाँ लगानी गरेको उखुबारी हुरीले ढालेपछि यादव चिन्तित छन् । राम्रो फसल लाग्दा करिब १० लाख रुपैयाँसम्म आम्दानी हुने उनको अपेक्षा थियो । तर, प्राकृतिक विपत्तिको चपेटामा परेर उखुका बोट लडेपछि अब लगानी समेत नउठ्ने हो कि भन्ने पीरले उनलाई सताएको छ । उखु उत्पादक किसान संघ केन्द्रीय अध्यक्ष राजकुमार उप्रेतीका अनुसार यसपालिको वर्षा र हुरीले सर्लाही र महोत्तरीमा करिब ७० देखि ७५ प्रतिशत उखु लडाएको छ । पानी चाहिएको बेला राम्रो पानी परेर सप्रेको उखु नै हावाहुरीले ढालेको उनले बताए । 'हावाहुरीले त उखु सखापै बनायो नि ! राम्रोसँग सप्रेको उखु जति सबै लड्यो, ढलेपछि अब त्यो मुसाले खाने, कुहिने, सड्ने र सुक्ने हुन्छ,' अध्यक्ष उप्रेतीले भने, 'अब त्यसलाई उठाउन नि मिल्दैन, उठाउँदा भाँचिन्छ, झन् मर्छ, यो किसानका लागि ठूलो नोक्सानी हो ।' किसानको यति ठूलो क्षति हुँदा पनि स्थानीय सरकार, कृषि ज्ञान केन्द्र वा प्रशासनले अहिलेसम्म क्षतिको अवस्था बुझ्न कुनै चासो नदेखाएको उनले गुनासो गरे । 'अहिलेसम्म सरकार, नगरपालिका, गाउँपालिका, प्रशासन वा कृषि ज्ञान केन्द्र कोही पनि क्षतिपूर्ति हेर्न, नोक्सान बुझ्न र सोधखोज गर्न कतैबाट आएका छैनन्,' उनले भने । पछिल्लो केही दिनयता परेको वर्षाका कारण महोत्तरीका किसानको खेतमा धान काट्ने समय भएका बेला पानी जमेको कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ । कृषि ज्ञान केन्द्रका बागवानी विकास अधिकृत अविरलकुमार महतो कुशवाहाले पानी परेर खेतहरू डुबान परेको बताए । क्षतिको तथ्यांक अहिलेसम्म आइनसकेको उनको भनाइ छ । 'जुन धानमा भर्खर बाला लाग्ने बेला छ, त्यसमा त्यति धेरै क्षति छैन, तर, जुन धान काटेर भित्र्याउने बेला भएको थियो, पानीका कारण किसानले काट्न नपाएर समस्या भएको छ,' उनले भने, 'पाकेको धान पानीले डुबेपछि किसानहरू चिन्तित छन् ।' बालीनालीमा परेको असरबारे ज्ञान केन्द्रले जिल्लाका सबै स्थानीय तह (पालिका) हरूसँग समन्वय गरिरहेको छ । पालिकाहरूबाट प्राप्त जानकारी अनुसार आत्तिहाल्नुपर्ने अवस्था नरहेको कुशवाहाले बताए । मौसम उघ्रिन थालेकाले डुबानमा परेको बाली बिग्रिनबाट जोगिने विश्वास केन्द्रको छ । 'मौसम अब उघ्रिरहेको छ, मौसम उघ्रिएपछि पानी घट्छ र बाली रिकभर हुन्छ,' उनले भने ।

**कृषि र पशुपन्छीमा चौतर्फी असर**

धान र उखुमात्र नभई कोदो, भटमास, मासजस्ता दलहन र तरकारी बालीमा पनि नराम्रो असर परेको छ । यसअघि रसुवा र भोटेकोशी क्षेत्र लगायतमा आएको विनाशकारी बाढीले ठूलो क्षति गरेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको द्रुत मूल्यांकन प्रतिवेदनले देखाएको छ । बाढीपहिरोमा परी १ हजार ६ सय ६९ हेक्टरको ५ हजार ८ सय ४३ टन धान र १ सय ३७ हेक्टरको १ हजार ८ सय ४३ टन तरकारी नष्ट भएको अनुमान छ । यसका साथै देशभरि २ लाख ५२ हजारभन्दा बढी पशुपन्छी मरेका छन् भने कैयौं माछा पोखरी बगेका छन् । बाढी र पहिरोले कतिपय खेतीयोग्य जमिनमा लेदो र बालुवा थुपारेर बगरमा परिणत गरिदिएको छ, जसले गर्दा आगामी सिजनमा समेत खेती गर्न नसकिने अवस्था छ । असोजमा बेमौसमी वर्षा र हावाहुरीले पाकेको बालीमा क्षति पुऱ्याएको यो पहिलो घटना भने होइन । गत वर्ष पनि ठिक यस्तै बेला (असोज र कात्तिकमा) आएको बेमौसमी झरीका कारण देशभरि हजारौं हेक्टर क्षेत्रफलमा लगाइएको धान, मकै, कोदो, सुन्तला र तरकारी बाली डुबानमा पर्दा अर्बौं रुपैयाँ बराबर नोक्सानी भएको थियो । विशेषगरी सुदूरपश्चिम, लुम्बिनी, बागमती र कोशी प्रदेशका किसानले काटेर खेतमा सुकाएको र पाकेर काट्न ठिक्क परेको धान खेतमै कुहिएपछि ठूलो मार खेप्नुपरेको थियो । विगत केही वर्षयता मनसुन बाहिरिने समयमा हुने यस्तो अनपेक्षित वर्षा किसानका लागि नियमित नियति जस्तै बन्न थालेको छ । तर, हरेक वर्षजसो यस्तो विपत्ति दोहोरिँदा पनि सरकारले पूर्वतयारी, कृषि बीमाको प्रभावकारी कार्यान्वयन र समयमै राहत वितरणमा चासो नदिएको भन्दै किसानले आक्रोश पोख्दै आएका छन् ।

**प्राविधिक समस्या र सरकारी तयारी**

पानीले खेतमै धानबाली लामो समय डुब्दा जराले अक्सिजन नपाएर डाँठ कुहिने, पाकेको धानको बालामै टुसा पलाउने (उम्रिने), चामलको गुणस्तर बिग्रिएर कालो हुने तथा ढुसी र ब्याक्टेरियाजन्य (जस्तै ब्याक्टेरियल लिफ ब्लाइट, सिथ ब्लाइट) रोगहरूको संक्रमण तीव्र रूपमा फैलिने गम्भीर समस्या आउँछ । कृषि प्राविधिकहरूले सबैभन्दा पहिले खेतमा जमेको पानीलाई कुलो बनाएर तत्काल बाहिर फाल्न, हिलोमा ढलेको वा काटेको धानलाई निकालेर त्रिपाल वा अग्लो सुक्खा ठाउँमा फिँजाएर हावा लगाउन र भित्र्याइसकेपछि पनि राम्ररी सुकाएर (चिस्यान घटाएर) मात्र भण्डारण गर्न सल्लाह दिँदै आएका छन् । साथै, नपाकेको उभिएको बालीमा रोगको लक्षण देखिए मौसम उघ्रिए लगत्तै विज्ञको सिफारिसमा आवश्यक ढुसीनाशक विषादी छर्न सुझाव दिने गरेका छन् । यसैबीच सरकारले देशभरि कृषि र पशुपन्छीमा पुगेको क्षतिको विवरण संकलन सुरु गरिसकेको बताएको छ । कृषि विभागका महानिर्देशक प्रकाश सञ्जेलले प्रदेश तथा स्थानीय सरकारले तथ्यांक संकलनको काम गरिरहेको बताएका छन् । 'प्रदेशहरूबाट क्षतिको विवरण माग्ने काम भएको छ, त्यहाँबाट संकलन भइरहेको छ, केन्द्रमा पूर्ण विवरण आइसकेको छैन,' उनले भने । सम्बन्धित पालिका र कृषि ज्ञान केन्द्रहरूले तथ्यांक संकलन गरिरहँदा, प्रभावित किसानहरूले भने तत्काल राहत उपलब्ध गराउनुका साथै कृषि बीमामार्फत क्षतिपूर्तिको सुनिश्चितताको माग गरेका छन् ।

*-अनलाइन खबर डटकम*

## धान उत्पादन घट्दै, नयाँ जातको अनुसन्धान तीव्र



कुनै समय नेपालबाट धान-चामल निर्यात हुने गरे पनि अहिले मुलुकको आन्तरिक उत्पादनले माग धान्न नसक्दा ठूलो परिमाणमा आयात गर्नुपर्ने अवस्था छ । पछिल्ला वर्ष धान खेतीको क्षेत्रफलसँगै उत्पादन र उत्पादकत्वमा समेत कमी आएपछि धानमा आत्मनिर्भर बन्न ठूलो चुनौती थपिएको छ । धानको उत्पादन र उत्पादकत्व बढाउने उद्देश्यले धनुषाको सपहीमा रहेको राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथले विभिन्न जात र खेती प्रविधिमाथि अध्ययन तथा अनुसन्धान गर्दै आएको छ । समयअनुसार किसानका आवश्यकता र नेपालको विभिन्न भूगोल तथा हावापानी सुहाउँदो धानका नयाँ जात विकास, परीक्षण र सिफारिस गर्ने काम पनि राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमले गर्दै आएको छ । मधेसलाई धान उत्पादनको महत्त्वपूर्ण क्षेत्र मानिए पनि पछिल्ला वर्ष सिँचाइको अवस्था, मनसुन, समयमा रोपाइँ, गुणस्तरीय बिउ, मलखादको उपलब्धता र आधुनिक खेती प्रविधिको प्रयोगले उत्पादनमा प्रत्यक्ष प्रभाव पार्दै आएको छ । बदलिँदो मौसम र जलवायु परिवर्तनले समेत धान उत्पादनमा थप चुनौती सिर्जना गरेको अनुसन्धानकर्ता बताउँछन् । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गत रहेको राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमले धानका नयाँ जात तथा खेती प्रविधिको विकास र परीक्षणसँगै स्रोत बिउ उत्पादन तथा किसानसम्म प्रविधि पुऱ्याउने काम गर्दै आएको छ । अनुसन्धान कार्यक्रम हर्दिनाथका प्रवक्ता तथा वरिष्ठ प्राविधिक रवीन्द्रप्रसाद साहका अनुसार किसान तथा सरोकारवालाबाट आएका समस्या र राष्ट्रिय प्राथमिकतालाई आधार बनाएर अनुसन्धान अघि बढाइने गरेको छ । 'हर्दिनाथले विभिन्न भौगोलिक तथा उत्पादन अवस्थाका लागि उपयुक्त हुने धानका जात सिफारिस गर्दै आएको छ,' साहले भने, 'परीक्षणपछि सिफारिस गरिएका रामधान, हर्दिनाथ-१, हर्दिनाथ-६, बहुगुणी-२, चैते-५, साम्बा मन्सुली सब-१ र हर्दिनाथ हाइब्रिड-१ लगायतका जात किसानले लगाउन सक्छन् ।' अनुसन्धान कार्यक्रमका अनुसार हर्दिनाथ-१ छोटो अवधिमा पाक्ने जात हो । यो करिब ११० देखि ११५ दिनमा पाक्छ र प्रतिहेक्टर करिब ४.०३ मेट्रिक टन उत्पादन क्षमता छ । त्यस्तै चैते-५ करिब १२० देखि १२५ दिनमा पाक्ने र प्रतिहेक्टर करिब ४.६ मेट्रिक टन उत्पादन क्षमता भएको जात हो । हर्दिनाथ-६ करिब १३५ दिनमा पाक्ने र प्रतिहेक्टर करिब ५.२१ मेट्रिक टन उत्पादन क्षमता भएको जातका रूपमा सिफारिस गरिएको छ । तर अनुसन्धानबाट सिफारिस गरिएका यस्ता जातको प्रचारप्रसार र किसानसम्म बिउको पहुँच भने अपेक्षाअनुसार हुन नसकेको अनुसन्धान कार्यक्रमको भनाइ छ । कार्यक्रमका प्रमुख मथुरा यादवका अनुसार सिफारिस गरिएका जातको पर्याप्त प्रचारप्रसार नहुनु र उन्नत जातका बिउ सहज रूपमा उपलब्ध नहुनुले अनुसन्धानबाट अपेक्षित प्रतिफल लिन समस्या भइरहेको छ । 'हर्दिनाथ-६ को धान करिब १३५ दिनमा पाक्छ र राम्रो उत्पादन दिन्छ, तर यसको प्रचारप्रसार पर्याप्त नहुँदा किसानले अपेक्षित रूपमा लगाएको पाइँदैन,' यादवले भने, 'वर्षौंको अनुसन्धानपछि सिफारिस गरिएको जात किसानले प्रयोग नगर्दा अनुसन्धानमा भएको लगानीअनुसारको प्रतिफल आउन सकेको छैन ।' बाढी र सुक्खा दुवैको जोखिम बढिरहेका बेला बहुगुणी-२ जस्ता जात किसानका लागि उपयोगी हुन सक्ने अनुसन्धानकर्ता बताउँछन् । बहुगुणी-२ करिब १४२ दिनमा पाक्ने र प्रतिहेक्टर करिब ५.८ मेट्रिक टन उत्पादन क्षमता भएको जात हो । यो बाढी र प्रजनन अवस्थाको सुक्खा सहन सक्ने जातका रूपमा सिफारिस गरिएको छ । त्यस्तै हर्दिनाथ हाइब्रिड-१ करिब १२१ दिनमा पाक्ने र प्रतिहेक्टर ६.४७ मेट्रिक टनसम्म उत्पादन क्षमता भएको जात हो । नार्कले यसलाई नेपालको पहिलो नेपाली हाइब्रिड धानका रूपमा उल्लेख गरेको छ । बदलिँदो मौसमका कारण छोटो अवधिमा पाक्ने, बढी उत्पादन दिने र बाढी तथा सुक्खा सहन सक्ने जातको आवश्यकता बढ्दै गए पनि यस्ता जाततर्फ किसानको पर्याप्त ध्यान जान नसकेको प्रवक्ता साह बताउँछन् । उनका अनुसार राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमले हालसम्म करिब ९९ वटा धानका जात सिफारिस गरिसकेको छ । तीमध्ये सिएच-४५, राधा-४, राधा-१२, राधा-१४, सावित्री, रामधान, बहुगुणी, साम्बा मन्सुली सब-१, हर्दिनाथ-५ र हर्दिनाथ-६ लगायतका जात छन् । कार्यक्रमले आवश्यकता र अनुसन्धानको परिणामका आधारमा समय-समयमा नयाँ जातसमेत सिफारिस गर्दै आएको छ । सबै जातको उत्पादन क्षमता समान नहुने भएकाले किसानले आफ्नो आवश्यकता र बजारअनुसार जात छनोट गर्नुपर्ने साह बताउँछन् । उनका अनुसार बास्मती, लल्का बास्मती र कालानमकजस्ता धानका जातको चामल लामो, मसिनो र स्वादिलो हुने भएकाले बजारमा माग भए पनि उत्पादन तुलनात्मक रूपमा कम हुन्छ । 'बास्मती, लल्का बास्मती र कालानमकजस्ता जातको उत्पादन प्रतिहेक्टर करिब एक टनसम्म मात्र हुन सक्छ तर उत्पादन बढी दिने जात लगाउँदा त्यही क्षेत्रफलमा पाँचदेखि ६ टनसम्म उत्पादन लिन सकिन्छ,' साहले भने । उनका अनुसार नेपालमा धान उत्पादन बढाउन खेतीको क्षेत्रफल विस्तारमात्र पर्याप्त छैन । सीमित कृषि भूमिबाट बढी उत्पादन लिन उन्नत बिउ, सिँचाइ, सन्तुलित मलखाद, यान्त्रिकीकरण, रोग-किरा व्यवस्थापन र किसानलाई उपयुक्त प्रविधिको पहुँच बढाउन आवश्यक छ । साहले भने, 'पानी जम्ने र डुबान हुने ठाउँमा गंगासागर-१ र गंगासागर-२ जस्ता जात उपयुक्त हुन्छन् । चैते सिजनका लागि हर्दिनाथ-१ र चैते-५ उपयोगी छन् । हाइब्रिड जात दुवै सिजनमा लगाउन सकिन्छ, तर यी जातबारे किसानसम्म पर्याप्त जानकारी पुगेको छैन । किसानलाई सही जानकारी भयो भने समय र स्थानअनुसार उपयुक्त जात लगाएर उत्पादन बढाउन सकिन्छ ।' राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमले कार्यालय परिसरमा रहेको करिब ६५ बिघा क्षेत्रफलमध्ये १५ बिघामा विभिन्न धानका जात रोपेर परीक्षण तथा अनुसन्धान गर्दै आएको छ । अनुसन्धान केन्द्रमा उत्पादन, गुणस्तरलगायतका पक्ष परीक्षण गरेपछि किसानको खेतमा समेत परीक्षण गरेपछि मात्र उपयुक्त जात सिफारिस गर्ने गरिएको कार्यक्रमले जनाएको छ । केन्द्रका प्रमुख यादवका अनुसार अनुसन्धानबाट विकास भएका जात र प्रविधि किसानको खेतसम्म नपुग्दासम्म वास्तविक प्रतिफल प्राप्त हुन सक्दैन । 'गुणस्तरीय स्रोत बिउ उपलब्ध हुनु, समयमा बिउ वितरण हुनु, प्राविधिक परामर्श पाउनु र स्थानीय अवस्थाअनुसार उपयुक्त जात छनोट गर्न सक्नु आवश्यक छ,' यादवले भने, 'किसानको प्रविधिमा पहुँच कमजोर भयो भने अनुसन्धानको उपलब्धि उत्पादनमा देखिँदैन । त्यसैले अब प्रचारप्रसार र बिउको सहज उपलब्धतामा सरकारको विशेष ध्यान जान जरुरी छ ।' राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रममा सात जना वैज्ञानिक धानसँग सम्बन्धित अनुसन्धान, अध्ययन तथा प्रयोगात्मक काममा संलग्न छन् । उनीहरूले उच्च प्रतिफल दिने नयाँ जात र प्रविधिको खोजी तथा परीक्षण गर्दै आएका छन् । धान उत्पादनमा जलवायु परिवर्तनको प्रभाव पनि अनुसन्धानको महत्त्वपूर्ण विषय बन्दै गएको वैज्ञानिक बताउँछन् । रोपाइँको समयमा पर्याप्त पानी नपर्नु, लामो समयसम्म सुक्खा हुनु, एकैपटक अत्यधिक वर्षा हुनु, बाढी आउनु तथा तापक्रममा असामान्य वृद्धि हुनुजस्ता कारणले धान उत्पादनमा असर पार्ने गरेको उनीहरूको भनाइ छ । त्यसैले आगामी दिनमा बढी उत्पादन दिने जातसँगै बाढी, सुक्खा, उच्च तापक्रम तथा अन्य मौसमजन्य जोखिम सहन सक्ने जात विकासमा समेत अनुसन्धान केन्द्रित गर्न वैज्ञानिकहरू लागिपरेको केन्द्रले जनाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८२/०८३ मा नेपालमा १३ लाख ७६ हजार ८७२ हेक्टर क्षेत्रफलमा धान खेती हुँदा ५७ लाख ५ हजार १२६ मेट्रिक टन उत्पादन भएको थियो । त्यसको अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा १४ लाख २० हजार ६३६ हेक्टरमा धान खेती हुँदा ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन उत्पादन भएको थियो । यसरी एक वर्षमै धान उत्पादन २ लाख ५० हजार ३५० मेट्रिक टनले घटेको देखिन्छ । प्रतिशतमा हेर्दा उत्पादन ४.२० प्रतिशतले घटेको हो भने क्षेत्रफलतर्फ ४३ हजार ७६४ हेक्टरले घटेको छ । उत्पादकत्वसमेत प्रतिहेक्टर ४.१९ मेट्रिक टनबाट घटेर ४.१४ मेट्रिक टनमा झरेको छ । धान उत्पादन घट्दै गएको अवस्थामा राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमका लागि अब नयाँ जात विकास गर्नुका साथै विकास भएका जात किसानसम्म पुऱ्याउनु ठूलो चुनौती बनेको छ । कम क्षेत्रफलबाट बढी उत्पादन दिने, कम पानीमा उत्पादन गर्न सकिने, बाढी तथा सुक्खा सहन सक्ने र किसानको उत्पादन लागत घटाउने जात तथा प्रविधिको विकास र विस्तारलाई प्राथमिकता दिनुपर्नेमा किसानहरूको जोड छ । अनुसन्धान केन्द्रले वर्षौं लगाएर विकास गरेका जात र प्रविधि किसानको खेतसम्म पुग्न सकेमात्र त्यसको वास्तविक उपलब्धि उत्पादनमा देखिने भएकाले अब अनुसन्धानसँगै बिउको सहज उपलब्धता, प्रभावकारी प्रचारप्रसार र किसानलाई प्राविधिक जानकारी दिने कामलाई पनि केन्द्रले प्राथमिकता दिनुपर्ने कृषिविज्ञ बताउँछन् ।

*-रातोपाटी डटकम*

# हराउँदै स्थानीय बाली



**बाँके,** असोज २४/बाँकेका किसान छिटो र बढी उत्पादनको खोजीमा भौतारिँदा स्थानीय बालीका धेरै जात हराउन थालेका छन् । कोहलपुर नगरपालिकाको मैटहवामा भइरहेको दुई दिने १६ औँ राष्ट्रिय जिन बैंक स्थापना दिवसमा किसानसँग रैथाने तथा स्थानीय बालीका बीउ, तिनका विशेष गुण, संरक्षण र उपयोगिताबारे छलफल गरिएको हो ।

कोहलपुरका किसान तथा सामुदायिक जिन बैंक, गाभर भ्यालीका अध्यक्ष पुरमल बस्नेतले अहिले छिटो उत्पादन हुने बाली खोज्ने गरेका उल्लेख गर्दै आफ्नै ठाउँमा पुस्तौँदेखि प्रयोग हुँदै आएका बीउ हराउँदै गएकामा चिन्ता व्यक्त गरे । उनले भने, “रैथाने बालीका धेरै बीउ र जात नष्ट भइसकेका छन्, बाँकी बीउलाई जोगाउन पनि वास्तवमै चुनौतीपूर्ण छ ।” बस्नेतले स्थानीय बीउ जोगाउने काम अनुसन्धान संस्था वा सरकारी निकायको मात्र जिम्मेवारी नभएको उल्लेख गर्दै किसान आफैँले बीउ जोगाउने र एकअर्काबिच आदानप्रदान गर्ने परम्परालाई बलियो बनाउन सके स्थानीय बालीको विविधता जोगाउन सकिने बताए । उनले भने, “त्यसका लागि स्थानीयस्तरमा सामुदायिक बीउ बैंक स्थापना गर्ने सम्भावना खोज्नुपर्ने हुन्छ ।” दुई दिनसम्म हुने छलफलका क्रममा आज धानका जङ्गली जात तथा अन्य अर्धजङ्गली प्रजातिको पहिचान र तिनको उपयोगिताबारे किसानसँग छलफल गरिने छ । अहिले खेतमा उत्पादन नदिने वा सामान्य देखिने कुनै बालीको जात भविष्यमा कृषि अनुसन्धान र नयाँ जात विकासका लागि महत्त्वपूर्ण आनुवंशिक स्रोत बन्न सक्ने विषयमा समेत किसानलाई जानकारी दिइएको सामुदायिक जिन बैंकका अध्यक्ष बस्नेतको भनाइ छ ।“आज जङ्गली धानको अवस्था कस्तो छ र त्यसबाट आउने बीउ कस्तो हुन्छ भनेर अवलोकन गर्दैछौँ”,उनले भने । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) राष्ट्रिय जिन बैंक बाली प्रजननविज्ञ डा.मुकुन्द भट्टराईले स्थानीय जातका बालीप्रति पछिल्लो समय बजारको मागसमेत बढ्दै गएको उल्लेख गर्दै बजारको मागलाई ध्यानमा राखेर किसानले उत्पादन गर्नसके संरक्षणसँगै आम्दानीको आधार पनि बलियो हुने बताए । “रैथाने बाली जोगाएर मात्र हुँदैन त्यसको उत्पादनलाई बजारसँग जोड्नुपर्छ”, उनले भने, “बीउ संरक्षण, उत्पादन वृद्धि र बजारीकरणलाई सँगसँगै अघि बढाउन सके किसानलाई पनि लाभ हुन्छ र स्थानीय बाली पनि जोगिन्छ ।” स्थानीय बालीमा रहेका विशेष गुण खाद्य तथा पोषण सुरक्षाका लागि उपयोगी हुने भएकाले तिनको संरक्षण भविष्यको कृषि प्रणालीका लागि समेत आवश्यक रहेको डा. भट्टराईको भनाइ छ । किसानबिच बीउ आदानप्रदान र परम्परागत खेतीसम्बन्धी ज्ञानको हस्तान्तरणलाई निरन्तरता दिनुपर्नेमा उनले जोड दिए । सामुदायिक जिन बैंकका अध्यक्ष बस्नेतका अनुसार रैथाने बालीको बीउसँग केवल उत्पादनको इतिहास जोडिएको छैन, त्यससँग स्थानीय माटो, हावापानी, खानपान र किसानको पुस्तौँदेखिको ज्ञान पनि जोडिएको छ । उनले स्थानीय जातका बालीको बीउ र उत्पादन संरक्षण तथा प्रवर्द्धनका लागि नार्क, राष्ट्रिय जिन बैंक र विज्ञसँगको समन्वयमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए । यस वर्षको राष्ट्रिय जिन बैंक स्थापना दिवसको मूल नारा ‘कृषि आनुवंशिक स्रोतका विशिष्ट तथा विशेष गुणयुक्त भूमिजात तथा प्रजातिहरूको खोज’ रहेको थियो । दुर्लभ तथा स्थानीय बालीका जात पहिचान, संरक्षण र दस्तावेजीकरणसँगै किसानलाई जैविक विविधताको संरक्षकका रूपमा जोड्ने प्रयास गरिएको डा.भट्टराईले जानकारी दिए ।*-रासस*

## खेलकुद समाचार

### नेपाली क्रिकेट टोली लिग २ को शीर्ष ४ मा नपर्ने पक्का



**काठमाडौं,** असोज २४/नेपाली क्रिकेट टोली आईसीसी विश्वकप क्रिकेट लिग-२ को शीर्ष ४ मा नपर्ने पक्का भएको छ । लिग २ अन्तर्गतको खेलमा ओमानले क्यानडालाई हराएसँगै नेपाल शीर्ष ४ मा पर्ने सम्भावना सकिएको हो । नेपालले अब सिधै विश्वकप छनोट खेल्न पाउने छैन । नेपाली टोलीले अब प्लेअफ खेल्नेछ । क्यानडालाई हराएपछि ओमानको २९ खेलबाट ३३ अंक भएको छ । नेपालको ३२ खेलबाट २४ अंक मात्रै छ र नेपालले अब बाँकी सबै खेल जित्दा पनि ३२ अंकसम्म मात्र पुग्न सक्छ । अमेरिका ३४ खेलबाट ४७ अंकसहित लिग-२ को च्याम्पियन भैसकेको छ । स्कटल्यान्डको ३६ खेलबाट ४५ अंक छ भने नेदरल्यान्ड्सको ३२ खेलबाट ३८ अंक छ । चौथो स्थानको ओमानको २९ खेलबाट ३३ अंक, पाँचौंको नामिबियाको ३५ खेलबाट ३१ अंक, छैटौंको क्यानडाको ३३ खेलबाट २५ अंक छ । नेपाल ३२ खेलमा २४ अंकसहित सातौंमा छ भने यूएई ३१ खेलबाट १९ अंकसहित आठौंमा छ । नेपालले यो श्रृंखला अन्तर्गत आइतबार क्यानडासँग खेल्नेछ ।

## बडा दसैं सुरु...

...घटस्थापनाको पहिलो दिन झिसमिसेमै आत्माशुद्धि पछि नदी खोला, बगर अथवा आफूलाई पायक पर्ने स्थानबाट वालुवा या माटो ल्याई जमरा राखिन्छ । जमरा राख्नुपूर्व पूजा कोठाको सरसफाइ तथा गाईको गोबरबाट लिपपोत गर्ने प्रचलन छ । यसैबीच घटस्थापनाको उपलक्ष्यमा दसैंघरमा वैदिक विधिपूर्वक जमरा राखी महाकाली महालक्ष्मी, महासरस्वतीलगायत नवदुर्गा र अन्य शक्तिपीठहरूमा नवरात्रिको पूजा आरम्भ हुन्छ । नवरात्रको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रम्हचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौँ दिन महागौरी र नवौँ दिन सिद्धिदात्रीको पूजा आराधना गरिन्छ । बडादसैंको सातौँ दिन धार्मिक विधिअनुसार फूलपाती भित्र्याइन्छ । महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरूले दसैंघर, कोत र शक्तिपीठमा बलिसहित विशेष पूजा गर्दछन् । नवरात्रभर दुर्गा सप्तशती चण्डी, श्रीमददेवीभागवत र अन्य देवी स्तोत्र एवं स्तुति पाठ गरिन्छ । यस अवसरमा देशभरका शक्तिपीठहरूमा पूजाआजाका लागि भक्तजनहरूको घुँइचो लाग्ने गर्दछ ।

## गगन थापाको राजनीतिक...

...१३औं महाधिवेशनमा कृष्णप्रसाद सिटौला समूहबाट महामन्त्री पदमा प्रतिस्पर्धा गरेका थापा निर्वाचित हुन सकेनन् । तर, विसं २०७८ मंसिरमा सम्पन्न १४औं महाधिवेशनमा भने उनी महामन्त्री पदमा निर्वाचित भए । महामन्त्री बनेपछि पनि उनले पार्टीलाई समयानुकूल बनाउन नेतृत्वको कार्यशैली, संगठन सञ्चालन र राजनीतिक कार्यदिशामा परिवर्तन आवश्यक रहेको बताउँदै आएका थिए । पार्टीभित्र पुस्तान्तरण र नेतृत्व परिवर्तनको बहसलाई अघि बढाउने क्रममा थापाले महामन्त्री विश्वप्रकाश शर्मासहितका नेताहरूसँग सहकार्य गरे । यही राजनीतिक प्रक्रियाको एउटा महत्वपूर्ण कडीका रूपमा विशेष महाधिवेशनलाई हेरिएको थियो, जहाँबाट थापा सभापतिमा निर्वाचित भएका थिए ।

**नेतृत्व परिवर्तनसँगै चुनौती पनि**

थापाको सभापतिमा निर्वाचित हुनु कांग्रेसका लागि नेतृत्व परिवर्तनको महत्वपूर्ण घटनाका रूपमा देखिएको छ । तर, उनको नेतृत्वको आगामी बाटो सहज भने छैन । विशेष महाधिवेशनपछि पार्टीभित्र देखिएको विभाजन, आधिकारिकतासम्बन्धी विवाद र फरक समूहका गतिविधिले कांग्रेसको आन्तरिक एकता प्रमुख चुनौतीका रूपमा रहेको छ । पार्टीको आधिकारिकतासम्बन्धी विवाद सर्वोच्च अदालतसम्म पुगेको थियो । अदालतले गगन थापा नेतृत्वको पक्षलाई आधिकारिकता प्रदान गरेपछि निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले समानान्तर गतिविधि गर्दै आएको छ । देउवा पक्षले संस्थापन पक्षको महाधिवेशन बहिष्कार गर्दै छुट्टै १५औं महाधिवेशन गर्ने मिति तय गरेको जनाइएको छ । यद्यपि, अदालतको फैसलासम्बन्धी पुनरावलोकनको विषयसमेत टुंगिन बाँकी रहेको अवस्थामा पार्टीभित्रको विवादले कस्तो रूप लिन्छ भन्ने प्रश्न कायमै छ । यस्तो परिस्थितिमा थापासामु पार्टीलाई एकताबद्ध बनाउने, असन्तुष्ट समूहलाई समेट्ने, संगठनलाई बलियो बनाउने र परिवर्तनको पक्षमा व्यक्त अपेक्षालाई व्यवहारमा उतार्ने जिम्मेवारी छ । नेतृत्व परिवर्तनको नाराले प्राप्त गरेको समर्थनलाई ठोस नतिजामा रूपान्तरण गर्नु उनको नेतृत्वको महत्वपूर्ण परीक्षा हुनेछ । लामो समय विद्यार्थी राजनीतिबाट पार्टीको केन्द्रीय नेतृत्वसम्म आइपुगेका थापाले अब कांग्रेसलाई कस्तो दिशा दिन्छन् भन्ने चासो पार्टीभित्र मात्र सीमित छैन । सुशासन, राजनीतिक जवाफदेहिता र पुस्तान्तरणको मुद्दा उठाउँदै आएका उनीबाट कार्यकर्ता र आम नागरिकले गर्ने अपेक्षा पनि उत्तिकै महत्वपूर्ण छ । भारी मतान्तरसहितको विजयले थापालाई पार्टी सञ्चालनका लागि बलियो राजनीतिक आधार दिएको छ । तर, मतपरिणामले दिएको समर्थनलाई संगठनात्मक एकता, नीतिगत स्पष्टता र प्रभावकारी कार्यसम्पादनमा बदल्न सक्नु नै उनको नेतृत्वको वास्तविक सफलता मापन गर्ने आधार बन्नेछ ।


## मितव्ययी रुपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

**चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-८ चिलाङ्दी, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5340097 M का H/Nb/Sub पिता बहादुर थापा (ना.प्र.मा पिता बहादुर थापा गाहा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा भीमी सरा र जन्म मिति सन् १९५६ फेब्रुअरी २५ (वि.स.२०१२/११/१३) र नेपाली नागरिकता प्रमाणपत्रमा भीमी सरा थापा गाहा, जन्म मिति वि.स. २०१२/११/११ (सन् १९५६ फेब्रुअरी २३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक यम्घा गा.वि.स.-९ सिखर, हाल बगनासकाली गाउँपालिका-६ निवासी भारतिय भू.पू.सैनिक नं. JC 607122 K का Sub/H/Lt. चन्द्र बहादुर पचभैया (ना.प्र.मा चन्द्र बहादुर पचभैया) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा हरि कला र जन्म मिति सन् १९५९ जनवरी १ (वि.स.२०१५/०९/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा हरि कला पचभैया, जन्म मिति वि.स. २०१५/०१/१५ (सन् १९५८ अप्रिल २७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक फोक्सिङ्गकोट गा.वि.स.-४ रानीवास, हाल रम्भा गाउँपालिका-२ निवासी भारतिय भू.पू.सैनिक नं. 5745499 F का HAV बलवीर थापा (ना.प्र.मा वलवीर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मनसरी र जन्म मिति सन् १९५६ डिसेम्वर २९ (वि.स.२०१३/०९/१५) र नेपाली नागरिकता प्रमाणपत्रमा मनसरी थापा, जन्म मिति वि.स. २०१३/०२/१० (सन् १९५६ मे २३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कुसुमखोला गा.वि.स.-९ दर्लाम, हाल रिब्दीकोट गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5742638 P का NK तेज बहादुर थापा (ना.प्र.मा तेज वहादुर घर्ती मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा S.D. Gharti Magar Alias S. Devi र जन्म मिति सन् १९५५ अगष्ट ८ (वि.स.२०१२/०४/२४) र नेपाली नागरिकता प्रमाणपत्रमा सुमित्रा देवी घर्ती मगर, जन्म मिति वि.स. २०११/०८/१४ (सन् १९५४ नोभेम्वर २९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५.तानसेन.पाल्पा.फोन:०७५-५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायमाझी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई